बकैया गाउँपालिकाको सातौं गाउँसभाको मिति २०७८।३।३० गतेको बैठकका प्रस्ताव एवं निर्णयहरु

**१. वार्षिक कार्यक्रम तथा बजेट स्वीकृती सम्बन्धमा :-**

प्रस्तुत विषयमा छलफल गर्दा आगामी आर्थिक वर्ष २०७८।७९ को लागि मिति २०७८ असार १० गते गाँउसभामार्फत पारित भएको वार्षिक नीति, कार्यक्रमको आधारमा तयार भएको वार्षिक कार्यक्रम तथा बजेटको विषयमा विभिन्न समितीहरु आर्थिक विकास समिती, सामाजिक विकास समिति, पूर्वाधार विकास समितीहरुमा विधिवत छलफल पछि कार्यपालिकाको मिति २०७८।०३।२९ गतेको बैठकबाट निर्णय भई तयार भएको वार्षिक बजेट तथा कार्यक्रम अनुमोदन गर्ने निर्णय गरियो ।

**२. विधेयक तथा प्रथम आवधिक योजना पारित सम्बन्धमा :-**

प्रस्तुत विषयमा छलफल गर्दा बकैया गाउँपालिकाको सातौं गाउँसभाबाट तपशिल बमोजिमका विधेयकहरु तथा प्रथम आवधिक योजना पारित गर्ने निर्णय गरियो ।

तपशिल

क) बकैया गाउँपालिकाको आर्थिक विधेयक, २०७८

ख) बकैया गाउँपालिकाको विनियोजन विधेयक, २०७८

ग) बकैया गाउँपालिकाको वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७८

घ) बकैया गाउँपालिकाको वन व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७८

ङ) बकैया गाउँपालिकको प्रथम आवधिक योजना (आ.व. २०७७।७८-२०८१।८२)

**३. कार्यपालिकाबाट भएका निर्णयहरुको अनुमोदन सम्बन्धमा:-**

प्रस्तुत विषयमा छलफल गर्दा बकैया गाउँपालिकाको छैटौं गाउँसभा देखि सातौं गाउँसभाको अवधि सम्म भएका गाउँ कार्यपालिका बैठकका सम्पुर्ण निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**४. योजनाहरुको फरफारक अनुमोदन सम्बन्धमा:-**

प्रस्तुत विषयमा छलफल गर्दा बकैया गाउँपालिकाद्धारा आर्थिक वर्ष २०७७।०७८ मा कार्यान्वयन भएका र गाउँपालिका स्तरीय फरफारक समितिले निर्णय गरी अन्तिम भुक्तानी भएका योजनाहरुको फरफारकको अनुमोदन गर्ने निर्णय गरियो ।

**५. आर्थिक वर्ष २०७६।७७ को अन्तिम लेखा परिक्षण प्रतिवेदन र बेरुजु सम्बन्धमा:-**

प्रस्तुत विषयमा छलफल गर्दा आर्थिक वर्ष २०७६।०७७ को अन्तिम लेखापरीक्षण प्रतिवेदनमाथि छलफल हुँदा उक्त अन्तिम लेखापरिक्षण प्रतिवेदनमा औंल्याइएका बेरुजु मध्ये असुल उपर गर्नुपर्नेमा असुलउपर र नियमित गर्नुपर्नेमा नियमित गरी बेरुजु फछ्र्यौट गर्न गाउँपालिकालाई निर्देशन दिने निर्णय गरियो।

दामोदर बनाल
अध्यक्ष

Scanned with CamScanner

६. गाउँपालिकाको बैंकिङ्ग कारोबार सञ्चालन सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिकाको सम्पूर्ण सरकारी खाताहरु हेटौंडा उपमहानगरपालिका वडा नं. ४ मा अवस्थित नेपाल बैंक लिमिटेडमा संचालनमा रहेकोमा मिति २०७७।०२।०१ देखि कृषि विकास बैंक लिमिटेडको छतिवना शाखा यस गाउँपालिकामा औपचारिक रुपमा संचालनमा आएकोले उक्त बैंक मार्फत यस गाउँपालिका कार्यालयको कारोबार गर्ने सम्बन्धमा छैटौं गाउँसभाबाट निर्णय भएकोमा नेपाल राष्ट्र बैंकले पूर्व स्वीकृती प्रदान गरेको सेन्चुरी बैंक हात्तीसुँडे शाखाबाट कारोबार गर्नका लागि पुन पत्राचार गरेकोमा आगामी आर्थिक वर्ष २०७८।७९ देखि यस गाउँपालिका कार्यालयको सरकारी खाता लगायत सम्पूर्ण कारोबारहरु सेन्चुरी बैंक लिमिटेड हात्तीसुँडे शाखाबाट गर्ने निर्णय गरियो ।

७. योजना बैंकलाई कायम राख्ने सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिका भित्र संचालन तथा सम्पन्न गरिनुपर्ने महत्वपूर्ण ठूला योजनाहरु संचालनको लागि केन्द्र, प्रदेश तथा अन्य दातृ निकायहरुसँग सहकार्य गरी अघि बढ्ने प्रयोजनको लागि अघिल्लो आर्थिक वर्षमा देहाय बमोजिम परियोजना बैंक स्थापना गरिएकोमा सो बैंकलाई कायम राख्ने निर्णय गरियो।

| क्र.सं. | योजनाको नाम | वडा नं |
|---|---|---|
| १ | चाँदिखोलाचण्डौ बजार झोलुङ्गे पुल | १ |
| २ | चिसापानीघिंयालडाँडा दोभान जोड्ने बाटो | १ |
| ३ | लुङ्वाखोपवागफल सडक | १ |
| ४ | सरस्वती दोभान सडक | २ |
| ५ | धनसार खोला झोलुङ्गे पुल | २ |
| ६ | तटबन्धनदोभानकालापानी | २ |
| ७ | बसनहात्तीसुडे पक्किपुल | ३ |
| ८ | पिप्ले बाममारा पक्किपुल | ३ |
| ९ | वडा नं. ३ र ८ जोड्ने पक्किपुल | ३ |
| १० | पावस गरगरे जोड्ने सिमातखोलामापक्किपुल | ४ |
| ११ | भित्रिस्वाँरा मुक्तानस्वाँरा झोलुङ्गे पुल | ४ |
| १२ | बकैयानदीनियन्त्रण | ४ |
| १३ | गेलडाँडाभ्यू टावर तथा पर्यटकियपार्क निर्माण | ४ |
| १४ | ठाटीखोलापक्किपुलनिर्माण | ५ |
| १५ | कर्मचुली सिंचाई निर्माण | ५ |
| १६ | बुदुने पक्किपुलबुदुने खोला | ५ |
| १७ | जुनेलिबस्तिकर्मचुलीपक्किपुल | ६ |

दामोदर खनाल
अध्यक्ष

Scanned with CamScanner

| | | |
|---|---|---|
| १८ | भालुखोलटिकुलीहुँदै ग्रामिण सडक | ६ |
| १९ | जुईना जुनेलीवस्ती बस्ती बचाउ | ६ |
| २० | गवरस्थान दोभान सडक | ६ |
| २१ | हर्दा चुनढुङा झोलुङ्गे पुल | ७ |
| २२ | बकैयाखोलानियन्त्रण | ७ |
| २३ | मामदमार खहरे नियन्त्रण | ७ |
| २४ | भिरकोट माटाकोरी कल्ले मामदमार सडक | ७ |
| २५ | वृहतखानेपानी योजना | ८ |
| २६ | अर्खौले पक्किपुल | ८ |
| २७ | विरेफाँटपक्किपुल | ८ |
| २८ | च्याउँच्याउँवृहत सिंचाई | ९ |
| २९ | कुडुले वृहतखानेपानी | ९ |
| ३० | हात्तीसुडे च्याँउच्याँउठिंगन सडक | ९ |
| ३१ | बागमतीखोलामापक्किपुल(घैटार वेसी खयरघारी) | १0 |
| ३२ | घैटार अम्बास वेसी सिंचाई | १0 |
| ३३ | केरावारी मंन्थली गैरीगाउँहुँदै च्याँउच्याउ जोड्ने सडक | १0 |
| ३४ | घुम्ती मोड पिपलडाँडाथलीमुक्तानस्वाँरा जुरेली सडक | ११ |
| ३५ | बकैया ११ र १२ धेत्रेखोला झोलुङ्गे पुल | ११ |
| ३६ | आहाले सोविकालिदमार सडक | ११ |
| ३७ | जितपुर कोलखोप रातोमाटे ठिंगन सडक | १२ |
| ३८ | बोलखोप खोला झोलुङ्गेपुल | १२ |
| ३९ | लटरम्मेश्वर महादेव स्थान पर्यटकियविकास | १२ |

८. कार्यपालिकालाई अधिकार प्रत्यायोजन सम्बन्धमाः-

- गाउँसभाको अधिवेशन चलिरहेको अवस्थामा बाहेक अन्य अवस्थामा तत्काल कुनै निर्णय गर्नु पर्ने अवस्था आएमा र तत्काल गाउँसभाको अधिवेशन आव्हान गर्न सम्भव नभएमा पछि बस्ने गाउँसभाको अधिवेशनले त्यस्ता निर्णयहरु अनुमोदन गर्ने गरी आवश्यक निर्णयको अधिकार कार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।
- गाउँसभाबाट आर्थिक वर्ष २०७८।७९ को लागि पारित योजना संचालन गर्दा योजनाका नाम लगायतका कारणले समस्या उत्पन्न भएमा त्यस्ता योजनाको नाम संशोधन गर्ने अधिकार कार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

दामोदर खनाल
अध्यक्ष

Scanned with CamScanner

- गाउँपालिकाबाट तलब भत्ता भुक्तानी हुने गरी गाउँपालिकाले सेवा करारमा लिएका कर्मचारीहरुको सेवा करार नविकरण, तलब तथा सुविधा निर्धारणको अधिकार कार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।
- गाउँपालिकामा कार्यरत कर्मचारीहरुलाई काम प्रति प्रोत्साहित गर्न निश्चित मापदण्ड बनाई प्रोत्साहन भत्ता तथा अन्य सुविधा प्रदान गर्ने अधिकार कार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय गरियो।
- गाउँसभाबाट आर्थिक वर्ष २०७८।७९ को लागि पारित बजेटमा विनियोजन गरिएको समपुरक कोष शिर्षकको रकमबाट कुनै योजनामा केन्द्र, प्रदेश वा अन्य दातृ निकाय सँग साझेदारी गरी कार्यक्रम संचालन सम्बन्धी अधिकार कार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

९. विविधः-

बकैया गाउँपालिकाको सातौं गाउँसभा अधिवेशन समापन गर्ने निर्णय गरियो ।

गाउँ कार्यपालिकाको कार्यालय
मनहरी, मकवानपुर
बागमती प्रदेश, नेपाल

दामोदर खनाल
अध्यक्ष

Scanned with CamScanner